नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

# आ.व. २०८१/८२ को चौथो त्रैमासिक प्रतिवेदन



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती-
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

२०८२।०३।३२

## आ.ब. २०८१/८२ को चौथो त्रैमासिकमा सम्पादन भएका कार्यहरु:

| सि.नं. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | महिला – १४४४<br>पुरुष- १३५२<br>जम्मा -२७९६ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला – १३७१<br>पुरुष- १४०८<br>जम्मा -२७७९ |
| ३ | नागरिक एपबाट प्राप्त गुनासोहरु संबोधन<br>अनुसूची अनुसार CIMS मा संशोधन | ७७ |
| ५ | अभिलेख डिजिटाइजेसन (नागरिकताको अभिलेख Scan) | ६०० |
| ६ | E-passport (Enrolment) | महिला: १५१४<br>पुरुष: १९६४<br>नाबालक:१५८<br>जम्मा:३६३६ |
| ७ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला-४२११<br>पुरुष- ५६५३<br>जम्मा-९८६४ |
| ८ | विपदवाट प्रभावित घरको संख्या | - |
| ९ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | - |
| १० | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | १० |
| ११ | नविकरण भएका संस्थाहरुको संख्या | ६७ |
| १२ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | १ |
| १३ | संस्थाको विधान संशोधन | १ |
| १४ | राजश्व संकलन (राहदानी दस्तुर,धरौटी र संस्था दर्ता/नविकरण) | 1. सरकारी सम्पत्तीको बिक्रि बाट प्राप्त रकम:५०००.००<br>2. राहदानी शुल्क:६८६९५१००.००<br>3. अन्य प्रशासनिक सेवा शुल्क:३३७३००.०० |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

सहायक प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | | 4. परिक्षा शुल्क:८१४००.००<br>5. प्रशासनिक दण्ड जरिवाना जफत:१९८३२०.००<br>6. कम्पनी रजिष्ट्रेशन दस्तुर:२५६२००/-<br>7. हातहतियारको इजाजतपत्र दस्तुर:८१७५०.००<br>8. जम्मा:६९६५५०७०.०० |
| १५ | • मुद्दा दर्ता:<br>• मुद्दा फछ्यौंट संख्या: | अल्या: २५ नया: ४७<br>०९ ४० |
| १६ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदन: | १० |
| १७ | ठाडो उजुरी सख्या: | २६(लिखित+मौखिक) |
| १८ | नाबालक परिचय पत्र वितरण | महिला:१०९<br>पुरुष:१५३<br>जम्मा: २६२ |
| १९ | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | महिला:१२८<br>पुरुष:१४८<br>जम्मा:२७६ |
| २० | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | महिला:५५<br>पुरुष:५७<br>जम्मा:११२ |
| २१ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | २३० |
| २३ | चालचलन प्रमाणित | - |
| २४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | १ |
| २५ | सुरक्षा समितिको बैठक | ९ |
| २६ | कसूरजन्य सम्पत्ति व्यवस्थापन जिल्ला स्तरीय समिति | १ |
| २९ | जिल्ला विपद व्यवस्थापन समितिको वैठक संख्या | ४ |
| ३० | राजनीतिक दलसँग समन्वय बैठक | १ |
| ३१ | कार्यालय प्रमुखको बैठक | ३ |



सहायक प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| ३२ | विविध बैठक | ७ |

१. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण :

यो जिल्ला चितवन, पाल्पा, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) संग जोडिएको छ । अपराधिक दृष्टिकोणले बढी संवेदनशिल नभएतापनि महेन्द्र राजमार्गको करिब ७० कि.मि., कालीगण्डकी करिडोर करिब ७८ कि.मी. र भारतीय सिमा करिब ५.५ कि.मी यसैमा पर्ने हुनाले सडक दुर्घटना, लागु औषध ओसारपसार तथा दर्व्यसनी, प्राकृतिक स्रोत साधनको दोहन, चोरी निकासी पैठारीका विषयमा संवेदनशिल नै देखिन्छ । जिल्लाको शान्ति सुरक्षाको हालको अवस्था सामान्य रहेको छ ।

<u>शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका सम्बन्धमा भएका कार्यहरु :</u>

- Crime Map सहितको *एकीकृत रणनीतिक सुरक्षा योजना, २०८१* अद्यावधिक गरी कार्यान्वयन भएको ।
- *एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०८१* अद्यावधिक गरी कार्यान्वयन भएको ।
- *दशैं, तिहार, छठ लगायतका चाडपर्व लक्षित संयुक्त सुरक्षा योजना, २०८१* तर्जुमा गरी कार्यान्वयन भएको ।
- मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना-२०८२ स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको।
- विपद् व्यवस्थापनका लागि सबै स्थानीय तह समेटिनेगरी तयार गरिएको QRT/IRT परिचालन योजना-२०८२ स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको।
- जिल्ला सुरक्षा समितिको बैठक – ३१ पटक
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम *राजमार्ग सुरक्षा कार्ययोजना, २०८२* तयार गरी कार्यान्वयन भएको ।
- सुरक्षा निकायको निरीक्षण - १५ पटक
- गर्मी तथा आगालागि बाट बच्न कार्ययोजना तयार गरी लागु भएको।
- दैनिक रुपमा जाहेरी पठाउने गरिएको (DRS प्रतिवेदन)।

सहायक प्रमुख जिल्ला अधिकारी

२. सुशासन र सेवा प्रवाह

- २०८१/८२ चौथो त्रैमासिक मा सम्पन्न बैठक :
  - जिल्ला सुरक्षा समितिको बैठक : ९ पटक
  - जिल्ला विपद व्यवस्थापन समितिको बैठक : ४ पटक
  - कार्यालय प्रमुखको बैठक : ३ पटक
  - सूचना अधिकारीको बैठक : १ पटक
  - कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठकः १ पटक
  - राजनीतिक दलसंगको समन्वय बैठक -१
  - राजस्व चुवावट नियन्त्रण समितिको बैठक -१
  - स्टाफ बैठक - ३
- सेवा प्रवाह सरल र सहज बनाउनको लागि यस कार्यालयको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
  - यस कार्यालयका अधिकृत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्य गर्ने गरिएको ।
  - मासिक रुपमा कार्यालय प्रमुखको नियमित बैठक बस्ने गरेको । सूचना अधिकारीको बैठक प्रत्येक ३/३ महिनामा कम्तिमा एक पटक बस्ने गरेको। स्वतः प्रकाशन (proactive disclosure) समयमा नै प्रकाशित गर्ने गराउने गरिएको । प्रत्येक महिनामा मासिक प्रतिवेदन प्रकाशन गर्ने गरिएको।
- राजश्व चुहावट अनुगमन तथा नियन्त्रण
  जिल्लाभित्र राजश्व चुहावट नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्ने तथा अर्थतन्त्रमा सकारात्मक योगदान दिने उद्देश्य सहित राजश्व चुहावट अनुगमन तथा नियन्त्रण समितिको बैठक बस्ने तथा समय समयमा सीमा नाकामा एकल तथा तथा संयुक्त अनुगमन हुने गरेको ।
- सरकारी कार्यालय निरीक्षण : २ पटक
- **संघ सस्था अनुगमन र मन्त्रालय प्रतिवेदन** :- संस्था दर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा दर्ता भएका ६ वटा संघ सस्थाको अनुगमन भएको ।

सहायक प्रमुख जिल्ला अधिकारी

- बजार अनुगमन : ३ पटक

३. लागु औषध नियन्त्रण

- विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित सचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- लागु औषध पुनर्स्थापना केन्द्रको अनुगमन : १ पटक
- लागू औषधको कारोबार, उपयोग तथा ओसारपसार नियन्त्रणको लागि निरीक्षण तथा अनुगमन नियमित रुपमा गर्ने गरेको ।
- लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवाला निकायसँग समन्वय बैठक वस्ने गरेको।

४. **विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन :**

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८१ र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- शितलहरको जोखिम न्युनीकरण कार्यायोजना -२०८१ तर्जुमा भइ कार्यान्वयन भएको
- गर्मि तथा आगालागिको जोखिमबाट बच्न कार्ययोजना बनाइ लागु गरिएको।
- जिल्ला विपद व्यवस्थापन समितिको बैठक -४ पटक
- स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायको समन्वयमा विपद् खोजी तथा उद्धारका कार्यहरु गर्ने गरिएको ।

५.<u>विपद्को समयमा उद्धार र राहत वितरण :</u>

१. मिति २०८१/०६/११ र १२ गतेको अत्याधिक वर्षाका कारणबाट भएको डुबान/बाढी/पहिरो को समयमा यस जिल्लाका विभिन्न स्थानहरुमा विपद् प्रभावित करिब २००० ब्यक्तिहरुलाइ सुरक्षाकर्मी, स्थानीय जनप्रतिनिधि र स्थानीय समुदायको सहयोगमा सुरक्षित स्थानमा सारिएको।

२. मिति २०८१/०४/२२ मा आएको बाढीबाट कावासोती नगरपालिका वडा नं ४ बस्ने श्री सुवास ढुङ्गानाको निधन भएकोले निजको परिवारलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट रु २०००००(दुइ लाख) राहत स्वरुप उपलब्ध गराइएको।

सहायक प्रमुख जिल्ला अधिकारी

३. जिल्ला प्रशासन कार्यालयको समन्वयमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नवलपुर द्वारा शितलहर बाट प्रभावित घर परिवारलाइ न्यानो कपडा तथा कम्बल वितरण गरीएको।

४. मिति २०८२।०३।०६ गते अ. ००;१० बजे जिल्लाको बिनयी त्रिवेणी गा.पा.१ पूर्व-पश्चिम राजमार्ग स्थित बिनयी खोलामा एक्कासी खोलाको बहाव बढी सडक सुचारु गर्न निर्माण गरिएको डाइभर्सनको बिच भागमा काठमाण्डौ बाट दाङ तर्फ जादै गरेको भे १ ख ४०८५ नंको यात्रुवाहक बस फस्न गई बसमा सवार ३८ जना यात्रुहरुको जीवन जोखिममा रहेको अवस्थामा प्र.जि.अ. को समन्वयमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नं ३१ हे.क्वा बाट टोली खटि गइ तत्काल उद्धार कार्य भइ बसमा सवार सबै ३८ जना यात्रु सकुसल उद्धार गरिएको।

५. सुरक्षा निकायहरु बाट कृत्रिम घटना अभ्यास कार्यक्रमहरु सञ्चालन भएका।

६. विपद् व्यवस्थापन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु र स्थानीय तहको समन्वयमा सचेतनामुलक कार्यक्रम संञ्चालन भइरहेका ।

७. जिल्लामा हुने विपद्जन्य घटनाको समयमा आवश्यकता अनुसार स्वयंसेवी संस्थाहरु तथा स्वयंसेवकहरु परिचालनको लागि आव्हान गरी विपद्को समयमा त्यस्ता स्वयंसेवी संस्था तथा व्यक्तिहरु परिचालन गर्ने गरिएको।

८. जिल्ला विपद् ब्यवस्थापन समितिको बैठक ७ पटक बसेको र विपद् प्रतिकार्यका लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यन्वयन गरिएको। शितलहर/जाडोको समयमा डिभिजन वन कार्यालय संग समन्वय गरी आवश्यकता पहिचान भएका स्थानमा दाउराको ब्यवस्था गरिएको।

९.दुर्घटना न्यूनीकरणका लागि सुरक्षा निकाय र स्थानीय तहको समन्वयमा विभिन्न स्थानमा cctv राख्न पहल गर्नुका साथै सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएको।

२०८२।०३।३२

(माधव प्रसाद शर्मा)
सहायक प्रमुख जिल्ला अधिकारी